मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।११।१९ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |

Scanned with CamScanner

मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | (हस्ताक्षर) |
| अन्य उपस्थितिः | | | |
| श्री चन्द्रिका थापा | | कार्यालय सहयोगी | (हस्ताक्षर) |

**प्रस्तावहरू**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | सामुदायिक बनको वार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा। | सामाजिक विकास शाखा |
| २. | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको भूमि व्यवस्थापन सम्बन्धी निर्णय गर्ने सम्बन्धमा। | सामाजिक विकास शाखा |
| ३. | गाउँ शिक्षा समितिको मिति २०८०/११/१८ को निर्णयको अनुमोदन गर्ने सम्बन्धमा। | शिक्षा शाखा |
| ४. | जुनार सुपरजोन कार्यक्रम अन्तर्गत औषधि खरिद सम्बन्धमा। | कृषि शाखा। आ. प्र. |
| ५. | निर्माण कार्यको म्याद थप सम्बन्धमा। | पुर्वाधार विकास शाखा |
| ६. | वडा कार्यालय भवनको जग्गा प्राप्ति सम्बन्धमा। | प्रशासन शाखा |
| ७. | हाट बजारको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ८. | यस आ.व. २०८०/०८१ को सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ९. | चकमके प्रहरी चौकीलाई ईलाका प्रहरी कार्यालयमा स्तरवृद्धि सम्बन्धमा। | प्रशासन शाखा |
| १०. | राष्ट्रिय परिचयपत्र तथा राहादानी फाराम भर्ने सम्बन्धमा। | वडा कार्यालय |
| | विविध । | सबै |

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक बनको वार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा यस गाउँपालिकामा कार्ययोजना स्वीकृत गर्न आउदा यस गाउँपालिकामा



Scanned with CamScanner

बुझाउनु पर्ने दश प्रतिसत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरेपछि मात्र कार्ययोजना स्वीकृत गरी सिफारिस दिन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

<u>निर्णय नं.</u> (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय सहजीकरण समितले सिफारिस गरेका तपसिल बमोजिमका निर्णय स्वीकृति र अनुमोदन गरी सम्वन्धित निकायमा पेस गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

१. तीनपाटन गाउँपालिकामा जग्गा नाप नक्साङ्कनका लागि **DGPS point** स्थापना गर्न स्वीकृतिका लागि नापी विभाग/राष्ट्रिय भूमि आयोगमा अनुरोध गरी पठाउने ।
२. तीनपाटन गाउँपालिकाका वडाहरुमा जग्गाको लगत संकलन भई **data entry**(लगत प्रविष्ट) भएका जग्गाको नाप नक्सांकनका लागि गाउँपालिकामा पठाएपछि कार्यपालिकाले निर्णय गरी भूमि आयोगसँग स्वीकृति लिई मात्र कार्य आरम्भ गर्ने।

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको मिति २०८०।११।१८ गते बसेको शिक्षा समितिको बैठकले सिफारिस गरेका तपसिल बमोजिमका निर्णय अनुमोदन गरी सर्वसम्मतिवाट पारित गरियो।

तपसिलः

१. यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा गाउँ शिक्षा समितिको मिति २०७९ चैत २४ गतेको निर्णयबाट सिफारिस भई गाउँ कार्यपालिकाको मिति २०७९ चैत २५ गतेको निर्णयबाट उपलब्ध गराइएको गाउँ शिक्षक अनुदान कोटाको विद्यालयगत पदसंख्यामा देहायअनुसार परिवर्तन गर्ने निर्णय पारित गरियो ।

क) श्री आधारभूत विद्यालय सिम्ले तीनपाटन-४ मा उपलब्ध गराइएको आधारभूत तह (कक्षा १-५) को गाउँ शिक्षक अनुदान कोटा संख्या १ (एक) उक्त विद्यालयबाट कट्टा गरी श्री माध्यमिक विद्यालय हलिडाँडाँ तीनपाटन-११ मा थप गर्ने ।

ख) श्री आधारभूत विद्यालय चारघरे तीनपाटन-९ मा उपलब्ध गराइएको आधारभूत तह (कक्षा १-५) को गाउँ शिक्षक अनुदान कोटा संख्या १ (एक) उक्त विद्यालयबाट कट्टा गरी श्री आधारभूत विद्यालय रातमाटा बाङरिङ तीनपाटन-९ मा उपलब्ध गराउने ।

२. श्री माध्यमिक विद्यालय आम्बोटेमा कार्यरत माध्यमिक तह राहत अनुदानका शिक्षक श्री चोताद्री पोखरेल मिति २०८०/११/०५ मा ६० वर्ष उमेर पूरा भई उमेरहदका कारण उक्त विद्यालय व्यवस्थापन समितिको मिति २०८०/११/५ को निर्णयबाट अनिवार्य अवकाश भई रिक्त हुन गएको माध्यमिक तहको राहत अनुदान कोटा संख्या १(एक) सो विद्यालयबाट कट्टा गरी श्री हिराथुम्की माध्यमिक विद्यालय तोसामखोला तीनपाटन-७ मा थप गर्ने निर्णय पारित गरियो।

Scanned with CamScanner

मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

३. श्री नारायणपुर प्रा.वि. आम्बोटे तीनपाटन ९ मा कार्यरत विद्यालय सहयोगी श्री छविलाल देवकोटालाई अर्को व्यवस्था वा आदेश नभएसम्मका लागि खटिईएकै विद्यालयबाट तलबभत्ता भुक्तान हुने गरी श्री माध्यमिक विद्यालय आम्बोटे तीनपाटन ९ मा कामकाजमा खटाउने निर्णय पारित गरियो ।

४. तीनपाटन गाउँपालिकाको शिक्षा ऐन, २०७४ को परिच्छेद-५, दफा ३३(४) बमोजिम देहायका शिक्षकलाई यस कार्यालयबाट अर्को व्यवस्था वा आदेश नभएसम्मका लागि खटिईएकै विद्यालयबाट तलबभत्ता खाने गरी तपसिल बमोजिम कामकाजमा खटाउने निर्णय पारित गरियो ।

| क्र.स | शिक्षकको नाम, थर | तह,श्रेणी | हाल कार्यरत विद्यालय | कामकाजमा खटाइएको विद्यालय |
|---|---|---|---|---|
| १ | शुक्र बहादुर तामाङ | प्रा.शि, तृतीय | श्री पाटनदेवी मा.वि कोटगाउँ तीनपाटन ३ | श्री मा.वि महभिर खोलागाउँ तीनपाटन ८ |

५. गाउँकार्यपालिकाको मिति २०७९/१२/२५, मिति २०८०/०१/२८ र मिति २०८०/०८/२५ को निर्णयबाट कामकाजमा खटाईएका देहायका शिक्षकहरुलाई तीनपाटन गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा ३४ अनुसार तपसिल बमोजिम दरबन्दी मिलान तथा पदस्थापन गर्ने निर्णय पारित गरियो ।

क्रमशः



Scanned with CamScanner

मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.स | विद्यालयको नाम | तह,श्रेणी | पदस्थापन सम्बन्धी निर्णय |
|---|---|---|---|
| 1 | नर बहादुर समाल | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार श्री भीमसेन आधारभूत विद्यालय तिल्पुङडाँडामा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थाप गर्ने |
| 2 | भोज बहादुर सार्की | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 3 | केशव पुलामी | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आधारभूत विद्यालय कालीमाटीमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 4 | भोज बहादुर लुङ्गेली | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आधारभूत विद्यालय वाक्सुखोलामा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 5 | सुशीला पहाडी | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार श्री माध्यमिक विद्यालय सान्धानेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 6 | गंगा कुमारी लुङ्गेली | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 निर्णयानुसार श्री जनप्रेमी माध्यमिक विद्यालय स्याङ्तीमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 7 | बोध कुमारी न्यौपाने | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री नवजागरण आधारभूत विद्यालय दर्के कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 8 | लोक कुमारी लामिछाने | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 निर्णयानुसार श्री चण्डेश्वरी आधारभूत विद्यालय चँदाहाँ कोप्चेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 9 | श्यामकुमार पुलामी | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री चम्पादेवी माध्यमिक विद्यालय घ्याम्प गडाग्रेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 10 | लाल बहादुर पुलामी | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आधारभूत विद्यालय भलायोडाँडामा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 11 | कान्ति शोभा राना | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री धापकाली आधारभूत विद्यालय धापम कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 12 | शुक्र बहादुर थापा | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 निर्णयानुसार कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |

Scanned with CamScanner

मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| | | | |
|---|---|---|---|
| 13 | गोमा कुमारी श्रेष्ठ | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 निर्णयानुसार श्री आधारभूत विद्यालय अर्मलेमा कामकाजम खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 14 | हरिलाल श्रेष्ठ | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री सिद्धेश्वरी आधारभूत विद्यालय हरभिञ्ज्याङमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थाप गर्ने |
| 15 | एक कुमारी पुलामी | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री चम्पादेवी मा वि गडाग्रेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 16 | कृष्ण प्रसाद पौडेल | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आधारभूत विद्यालय विजयपुरमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 17 | भुवामाया तामाङ | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री शान्तेश्वरी आ वि शनिटारमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 18 | तेज कुमार श्रेष्ठ | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार श्री आधारभूत विद्यालय लङ्गुरडाँडाँमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 19 | गंगा कुमारी कोइराला | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आधारभूत विद्यालय बोक्सेटारमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 20 | गंगा कुमारी राउत | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री बालदिप आ वि हात्तीसारमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 21 | नवराज काफ्ले | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री विश्वज्योति आ वि कोलडाँडाँ ढुंडेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 22 | भरत बहादुर श्रेष्ठ | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आ वि रातमाटा बाङरिङमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 23 | रेणुका सापकोटा | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आ वि लङ्गुरडाँडाँमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 24 | नेत्र बहादुर लायो | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आ वि ज्यामजिममा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 25 | कुन्ता दाहाल | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री मा वि बाङरिङफेदीमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 26 | ताराप्रसाद बराल | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/01/28 को निर्णयानुसार श्री कमानेश्वरी आधारभूत विद्यालय लङ्गुरदोभानमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| 27 | प्रेम कुमार भोलन | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/01/28 को निर्णयानुसार श्री माध्यमिक विद्यालय लङ्गुर छविसेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 28 | मंजु कुमारी काफ्ले | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री जनता आधारभूत विद्यालय जोगेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 29 | कमला सिंदाली | प्रा.वि तृतीय (करार) | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार श्री आ वि तीनपाटन बालाजोरमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 30 | पदम बहादुर सुनुवार | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री आ वि कालीमाटी तीखेढुङ्गाकामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 31 | मोहन बहादुर श्रेष्ठ | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2079/12/25 को निर्णयानुसार श्री हीराथुम्की मा वि तोस्रामखोलामा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 32 | चन्द्रमाया तामाङ | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/01/28 को निर्णयानुसार श्री आ वि लङ्गुरखोला सहरेमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 33 | सूर्य कुमार तामाङ | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2080/01/28 को निर्णयानुसार श्री सरस्वती मा वि हिलेपानीमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 34 | दिल कुमार मानन्धर | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार श्री पाटनदेवी मा वि कोटगाउँमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |
| 35 | पवित्रा अधिकारी | प्रा.वि राहत | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार श्री शान्तेश्वरी आ वि शनिटारमा कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा राहत अनुदान सहित पदस्थापन गर्ने |
| 36 | केदार प्रसाद देवकोटा | प्रा.वि तृतीय (स्थायी) | गाउँ कार्यपालिकाको मिति 2080/08/25 को निर्णयानुसार कामकाजमा खटाईएकोमा खटिई गएकै विद्यालयमा दरबन्दी सहित पदस्थापन गर्ने |

६. शिक्षा विकास तथा समन्वय इकाइ सिन्धुलीको प.सं.२०७९/०८० च.नं. ८२४ मिति २०७९/१२/१३ को पत्रसाथ प्राप्त शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शन बमोजिम प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा स्थायी नियुक्ति लिई यस गाउँपालिका अन्तर्गतका विद्यालयमा पदस्थापनका लागि सिफारिस भएका शिक्षकहरुलाई गाउँ शिक्षा समितिको मिति २०७९/१२/२३ को निर्णयानुसार पदस्थापन गर्ने क्रममा रिक्त दरबन्दीले अपुग भई १२ जना अस्थायी/करारका शिक्षकलाई नियुक्ति मितिको कनिष्ठताका आधारमा विस्थापित गरिएको।

गाउँ कार्यपालिकाको मिति २०७६/०९/१४ तथा गाउँ शिक्षा समितिको मिति २०७६/०९/२१ को निर्णयबाट शैक्षिक सत्र २०७६ मा स्थायी शिक्षक पदस्थापन गर्दा विस्थापित शिक्षकहरुलाई गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयका रिक्त राहत अनुदान कोटामा स्थापित गरिएको निर्णय/नजिर समेतलाई आधार लिई हाल रिक्त रहेका देहायका विद्यालयका प्राथमिक तह राहत



Scanned with CamScanner

मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

अनुदान कोटामा मिति २०७९/१२/२३ को गाउँ शिक्षा समितिको निर्णयबाट शिक्षक पदस्थापनको क्रममा सेवाबाट विस्थापित भएका शिक्षकहरुमध्येबाट तपसिलका शिक्षकहरुलाई प्राथमिक तह राहत अनुदान कोटामा नियुक्तिका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने निर्णय पारित गरियो ।

देहायः

क) श्री खड्ग कुमारी अधिकारी — श्री माध्यमिक विद्यालय महभिर तीनपाटन-८

ख) श्री अस्मिता श्रेष्ठ —श्री माध्यमिक विद्यालय हलिडाँडाँ तीनपाटन-११

ग) श्री प्रमिला मग्राती श्रेष्ठ- श्री हीराथुम्की मा वि तोसम्रखोला तीनपाटन -७

घ) श्री यम कुमारी लायो मगर- श्री कमला मा वि छरछरे तीनपाटन-१

ङ) श्री बुद्धिमान फिवली- श्री माध्यमिक विद्यालय बतासे आँपटार तीनपाटन-९

<u>निर्णय नं. (४)</u>

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाले कार्यालय जुनार सुपरजोन अन्तर्गत रहेका वडा नं ७ का किसानहरुलाई प्रोटिन बैड खरिद गर्नका लागि आवश्यक पर्ने रु ५००००।-यस गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी हुने गरी दिने निर्णय सम्मतिबाट पारित गरियो।

<u>निर्णय नं. (५)</u>

<u>प्रस्ताव नं. (५)</u>

माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं २ मा निर्माणाधिन वडा भवन निर्माण सम्पन्न गर्न थप समय माग गरी निवेदन दिएकोमा म्याद थपको कारण मनासिव रहेकोले थप असार १५ सम्मका लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

क्रमशः



Scanned with CamScanner

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६)माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं. २ मा निर्माणाधिन वडा कार्यालयको प्रशासनिक भवन सिन्धुली जिल्ला तीनपाटन गाउँपालिका वडा नं. २ निवासी श्री दलजितको नाती श्री दिलराम कामीको छोरा श्री पदम बहादुर कामीको सोही स्थानमा रहेको कि. न. १५३ क्षेत्रफल ०-०-१५-० जग्गा परेको तथा उक्त जग्गाको जग्गाधनी श्रीपदम बहादुर कामीले गाउँपालिकालाई बिक्रि गर्न सहमत रहेको भनी निवेदन दिएको र वडा समितिको निर्णय समेतका आधारमा उक्त जग्गा वडा नं. २ को वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि अत्यावश्यक रहेकोले उक्त कित्ता जग्गा अधिकरण गरी यस गाउँपालिकाको नाममा ल्याउन जग्गा प्राप्ति ऐन २०३४ बमोजिमको जग्गा अधिकरण तथा मुआब्जा वितरण समितिले निर्धारण गरे बमोजिमको मुआब्जा यस गाउँपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी हुने सुनिश्चितता यस गाउँपालिकाको हिउँदे अधिवेशनबाट संशोधित बजेटमा गरिएकोले उक्त जग्गा अधिकरण गरी यस गाउँपालिकाको नाममा दा.खा. दर्ता गर्न जिल्ला स्थित जग्गा अधिकरण तथा मुआब्जा वितरण समितिलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं २ को क्याम्पस आसपास भएका ०-३-१०-० क्षेत्रफल जग्गा हाटबजार व्यवस्थापन गर्नको लागि स्थानीय बासिन्दाहरूले निशुल्क दिने भएकाले उक्त जग्गा व्यवस्थापन तथा जग्गा पास गर्न आवश्यक रकम यस गाउँपालिकाको विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने र उक्त जग्गा मिति २०८०।१२।०५ गतेभित्र पास गर्ने निर्णय निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा यस आ.व. २०८०/०८१ मा भएका सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा चकमके प्रहरी चौकीलाई ईलाका प्रहरी कार्यालयमा स्तरबृद्धि गर्न पर्ने आवश्यक्ता देखिएकोले उक्त प्रहरी चौकीलाई स्तरबृद्धि गरी ईलाका प्रहरी कार्यालय बनाउन जिल्ला सुरक्षा समिति मार्फत नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा राष्ट्रिय परिचय पत्र तथा राहादानी फाराम भर्ने कार्यको लागि सम्बन्धित वडाबाट नै सेवा उपलब्ध गराउने प्रयोजनका लागि १ दिने अभूमुखीकरण कार्यक्रम सञ्चालन गर्नको लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

विविधः

Scanned with CamScanner

मिति २०८०।११।१९गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

विविधः

क. योजना अनुगमन गर्ने सम्बन्धमा वडास्तरीय तथा गाउँपालिका स्तरीय योजनाको बढीमा १,००.०००।- सम्मका योजनाहरूको अनुगमन गर्ने जिम्मेवारी वडा समिति सहित वडा प्राविधिक र वडा सचिवलाई दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ख. सिसौबोट सिक्रे झोलुङ्गगे पूलको खराब सामाग्री प्रयोग गर्न नमिल्ने भएकाले झोलुङ्गे पुलको निर्माण सामाग्री गरिद गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ग. यस गाउँपलिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको म्यादी विमा यस कार्यपालिकाबाट गरिदिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

घ. उद्यमसँग स्वयमसेविका कार्यक्रम अन्तर्गत सञ्चालित उद्योगबाट उत्पादित स्यानिटरी प्याड गाउँपालिकाले अधिकतम रु२५ भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ङ. यस गाउँपालिकामा दर्ता भएका टोल विकास संस्थालाई वार्षिक बढीमा ४ वटा योजना सञ्चालन गर्न अनुमति दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

च. यस गाउँपालिकाको वडा नं ८ मा अवस्थित बाहुनतिल्पुङ स्वास्थ्य चौकीमा कार्यरत सि अनमी श्री सरिता घिमिरेले असाधारण बिदा माग गरी यस कार्यालयमा निवेदन दिएको व्यहोरा मनासिव देखिएकोले निजको माग बमोजिम १ वर्षको लागि असाधारण विदा स्वीकृत गरिएको निर्णय सर्वसम्मतिबाट पारित गरियो।

छ. एकद्वार संकट व्यवस्थापन केन्द्रबाट सेवा प्रदान गरेबापत निर्ययानुसार रु१२५०००।- यस गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

Scanned with CamScanner